नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी भक्तपुर

Email :
tscaplication1@tgmail.com
Website: www.tsc.gov.np

पत्र संख्या : २०७७-०७८

मिति : २०७७।०४।११

**शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम भर्न छुट भएका शिक्षकहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने सम्बन्धी सूचना**

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३२घ को उपनियम ७ मा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले नयाँ शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित विद्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । तर कोभिड १९ का कारण विषम परिस्थिति उत्पन्न भइ देशभर बन्दाबन्दी (लकडाउन) घोषणा भइ सबै विद्यालयहरु पूर्ण रुपमा बन्द भएको र शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भर्न, दर्ता गराउन र मूल्याङ्कन गर्न नसकिएको कारण शिक्षक सेवा आयोगको मिति २०७७।०१।३० को निर्णयबाट शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने र मूल्याङ्कन गर्ने सम्बन्धमा पछि सूचना प्रकाशन गर्ने जानकारी गराइएको थियो ।

हाल नेपाल सरकारले २०७७ श्रावण ७ गतेदेखि देशभर बन्दाबन्दीको अवधि अन्त्य भएको घोषणा गरेसंगै शिक्षकहरू विद्यालयमा उपस्थित हुने र कार्यालयहरु नियमित सञ्चालन हुने अवस्था देखिएकोले शिक्षक सेवा आयोगको मिति २०७७।०४।०९ को निर्णय अनुसार शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम बन्दाबन्दी (लकडाउन) का कारण निर्धारित समयमा दर्ता गर्न छुट भएका शिक्षकहरुले आ-आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धित विद्यालयमा दर्ता गर्ने कार्य २०७७ श्रावण १५ देखि ३० दिनभित्र (२०७७ भाद्र १२ सम्म) मा गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । साथै, शिक्षकहरुको शैक्षिक वर्ष २०७६ को कार्यसम्पादन मूल्याङ्कन फाराम शिक्षक सेवा आयोग नियमावली २०५७ को दशौँ संशोधन वमोजिम हुने र कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा शिक्षक सेवा आयोगको मिति २०७६।०७।०१ र मिति २०७६।०९।१६ को निर्णय वमोजिम हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।